

धान दिवस २०७४

## धानखेति गरिने संसारकै उच्च ठाँउ

# छुमचौर

*अब इतिहासका पानामा मात्र*



जुम्ला जिल्लाको पुरानो छुमचौर गाविस, अहिलेको पातारासी गाँउ पालिका वार्ड न. ३ को छुमचौर जिउलो (फाँट) धान खेति गरिने संसारकै अग्लो ठाँउ हो । तिला नदी र हुरी खोलाको पानी लाग्ने यो जिउलो समुन्द्र सतह देखि २८०० देखि ३०५० मीटर उचाईमा छ । यस बर्ष १ रोपनी भन्दा पनि कम खेतमा मात्र धान खेति गरिएको उक्त जिउलोमा १० बर्ष अघिसम्म ५०० रोपनी भन्दा बढिमा धानखेति गरिन्थ्यो । संसारमै सबैभन्दा बढि चिसो सहन सक्ने जुम्ली मार्सी धान लगाईने यो क्षेत्रमा अहिले मकै, कोदो र सिमी लगाउने गरिएको छ । यस्तो गौरवगाथा बोकेको छुमचौरले किन छोड्यो त धान खेति ?

# केही बाहिरी र धेरै भित्री कारण

नेपालको अन्य भागमा जस्तै यस भेगमा पनि किसानहरु कृषिकर्मबाट पलायन हुने क्रम निरन्तर बढिरहेको छ । यो जनश्रमको अभाव र अन्य आम्दानीको श्रोत बढदै जादा सजिलो खेतिको बाटो अपनाउदै जाने र अन्त्यमा कृषि कर्मबाट बाहिरिने प्रकृयाकै निरन्तरता हो ।

# लागत बढ्यो उत्पादन बढेन



धानको उत्पादन र उत्पादनशिलता दुबै निरन्तर घट्नु र आम्दानी भन्दा लागत बढि हुनु नै यस क्षेत्रमा धान खेति गर्न छोड्नुको मुख्य कारण हो । हिजोआज मार्सी धान उसै त कम फल्छ, त्यस माथि धानको ब्लाष्ट भन्ने रोग नि लागेको छ । केही बर्ष यता यस भेगमा पर्ने गरेको असिनाले धान बाली नोक्सान गर्ने गरेको छ । यिनै कुराहरुलाई निहु बनाएर धान रोप्न छोड्ने पनि कम छैनन् । यसो भन्ने स्थानीय किसानले आफ्नो खेतमा धान रोप्न छोड्ेर मकै लगाएकै पनि १० बर्ष पुगेको बताए ।

# फरक फरक चासो

जुम्लामा दुई जातको मार्सी पाईन्छ, एउटा सेतो र अर्को कालो तर दुबैको चामल भने रातो नै हुन्छ । जुम्ली मार्सी उच्च र चिसो ठाउँमा सजिलै हुने धान भनेर संसारभर परिचित छ । धानको वृद्धि र उत्पादनका लागि सौर्य प्रकाशको सघनताको प्रभाव महत्वपूर्ण हुन्छ तर यस धानलाई यस्तो प्रकाशको फेरबदलले कमै प्रभाव पार्दछ । तर यी धानलाई उन्नत बनाउने खोजी कसैले गरेन । जुम्ली धानलाई उन्नत बनाउन छोडेर, जुम्लाका लागि कृषि अनुसंधान परिषदले सिफारिस गरेको नयाँ धान चन्दननाथ किसानले मनै पराएनन् । दुखेसो पोख्छन कर्णाली खाद्य तथा कृषि सरोकारका अभियन्ता धन बहादुर गौतम ।



गोडिसकेको झारपातलाई विगारो (काठको फ्लाक) ले बाहिर निकाल्दै

## यार्चा: धानको अर्को बिकल्प

धान लगाउने बेला यसक्षेत्रमा पाइने यार्चा (किरा) टिप्ने बेला हो । छुमचौरमा धान खेति गर्न छोड्ने र यार्चा संकलनको समयसिमा हेर्दा यो कुरा प्रष्टै हुन्छ । धान लगाएर फाइदै छैन । पहिला त चामल पाउथेन, चाडबाडका लागि भए पनि धान लगाउनै पथ्र्यो । अहिले त बोरा घरमै आउँछ अनि २०० किरा भेट्यो भने बर्षभरिलाई चामल पुगिहाल्छ, किन यस्तो अप्ठेरो खेति गर्ने ? धेरै गाउँलेहरु यसैमा सहमत छन् ।



## धान: गोड्नै सकस

यस भेगमा धान गोड्ने काम महिलाहरु मात्र गर्दछन् । पुरुषले आफुहरुले धान गोड्न हुँदैन भन्ने मान्यता राख्छन् भने महिलाको अनुभवमा पुरुषहरु धान गोड्न नै जन्दैनन् । धान नगोड्ने तर मकै गोड्दै गरेका एकजना भाईलाई किन धान नरोपेर मकै रोपेको हो भनि सोध्दा उनले सजिलै भने धान गोड्ने आईमाईहरुले हो । घरकी आईमाईले म त अव धान गोड्न सक्दिन भनी, अनि मकै रोपेको हो, जबाफ स्पष्ट थियो । हुन पनि जुम्ला खलंगा देखि छुमचौर पुगेर फर्किदा सम्म बाटो वरिपरि हजारौ महिलाहरु खेत गोडेका भेटिए । तर यो दुईदिनको यात्रामा एक जना मात्र पुरुषले काठको फल्याक (बिगारो)ले गोडिसकेको झार निकाल्न सघाएको देखियो । महिलाहरु अब धान मात्र गोडेर बस्न सहमत देखिदैनन् ।

खलंगा फर्केपछि थाहा भयो जिल्लाका गन्ने मान्ने हाकिमहरु असार १५ का दिन अनुगमनका लागि भन्दै छुमचौर जाँदैरहेछन् । उनीहरुले यो ठाँउमा गएर के गर्छन् त थाहा पाउन सकिएन तर यस्तो बिरासत बोकेको ठाँउले धान खेति चटक्कै छोडेको देखेर अलि मन खिन्न भयो । सम्झियौ, यो छुमचौर अरु देशमा भएको भए पर्यापर्यटनको कस्तो नमुना बनाउथे होला ? नेपालको संबृद्धिको सपना बाँडेर नथाक्नेहरुको सुचीमा यो सवाल परेको छ कि छैन कुन्नी ? कसैलाई थाहा भए बताईदिनु होला ।



Design & Layout: Sanjeeb Bir Bajracharya


**लेखन तथा फोटो** | कृष्ण पौडेल र करिश्मा गुरुङ्ग





krishna@forestaction.org

karishma@forestaction.org



**सम्पर्क:**

ForestAction ERI

बागडोल, ललितपुर

टेलिफोन: ०१-५००१३६२, ५००११४४

इमेल: fa@forestaction.org

वेभसाइट: www.forestaction.org